सरावल गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

प.स. २०८२/०८३

च.न.

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना!!!

सूचना प्रकाशन मितिः-२०८३/०१/३१

सरावल गाउँपालिकाको व्यवसाय कर सम्बन्धी ऐन-२०८१ अनुसार गाउँपालिका क्षेत्रभित्र सञ्चालित सम्पुर्ण व्यवसायहरुले गाउँपालिकामा नियमानुसार व्यवसाय दर्ता गरेर वा ईजाजत प्राप्त गरेर मात्र आफ्नो व्यवसाय सञ्चालन गर्नुपर्नेमा कुनै पनि ईजाजत नलिई झोला, पोका, डोको, साईकल, मोटरसाईकल, गाडी वा यस्तै अन्य माध्यममा सामाग्रीहरु राखी उपभोक्ताको घरदैलो मै पुर्याई व्यापार व्यवसाय गरेको सम्वन्धमा कार्यालयले निगरानी बढाएको बेहोरा जानकारि गराईन्छ। स्थानीय रुपमा उत्पादित कृषि उपज बाहेक अन्य कुनै पनी सामाग्रीहरू यस प्रकारले घुम्ति रुपमा वेचविखनको अनुमती प्रदान नगरिएको हुँदा नियमानुसार आफुले सञ्चालन गर्ने कारोवारको लागि यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र ईजाजत लिएर मात्र आफ्नो व्यवसायिक गतिविधी सञ्चालन गर्नुहुन जानकारी गराईन्छ। यस सुचनालाई बेवास्ता गरी उल्लिखित गतिविधी गरेमा रु. १०००/- सम्म जरिवाना वा सामाग्री जफत वा दुवै सजाय हुने र पटकेको हकमा ५०% थप जरिवाना हुने बेहोरा गाउँ कार्यपालिकाको मिति २०८३/०१/२५ को निर्णयअनुसार जानकारी गराईन्छ।

०८३/१/३१

नि.प्रमुख प्रशासकीय अधिकृत